सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा मिति २०७२/०१/१७ गते बसेको केन्द्रीय दैवीप्रकोप उद्धार समितिको बैठकका निर्णयहरु:

१. गृह, वाणिज्य, उद्योग, कृषि, अर्थ, शहरी विकास मन्त्रालयका सचिवहरुले संयुक्त रुपमा भूकम्प पिडितहरुको राहतको लागि आवश्यक पर्ने सामग्रीहरुको सूची मिति २०७२/०१/१७ गते भित्रमा तयार गरी सो सूचीलाई केन्द्रीय दैवीप्रकोप उद्धार समितिका संयोजकबाट अनुमोदन गराई सार्वजनिक गर्ने ।तत्पश्चात सो सूचीमा समावेश भएका वस्तुमात्र राहतका लागि सहायता स्वीकार्ने गरी सबै विदेशी नियोगहरुलाई जानकारी गराउने तथा सहायता लिने सम्बन्धी सार्वजनिक सूचना गर्ने ।

२. पाल, त्रिपाल उपलब्ध गराउन नसकिएको वर्तमान अवस्थामा कतिपय प्रकोप पिडित स्थानमा स्थानीय सामग्रीको प्रयोग गरेर अस्थायी बसोबास निर्माण गर्न सक्ने अवस्था देखिएमा सम्बन्धित जिल्ला दैवीप्रकोप उद्धार समितिमार्फत स्थानीय निकाय र सहरी विकास डिभिजन कार्यालयले त्यस्ता स्थानीय सामग्रीहरु वा प्लाष्टिक खरिद गरी अस्थायी टहरा निर्माण गर्ने ब्यवस्था जिल्ला दैवीप्रकोप उद्धार समितिले मिलाउने ।

३. विभिन्न गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट संकलन गरिने राहत सामग्रीहरु मापदण्ड बनाई दोहोरो नपर्ने गरी प्रमुख जिल्ला अधिकारीले तोकेका स्थानमा सरकारी निकायको रोहवरमा मात्र वितरण गर्ने ब्यवस्था मिलाउने ।

४. नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले प्रभावित सबै जिल्ला सदरमुकाम, नगरपालिका तथा गा.वि.स. समेतमा परिचालन गरी Debris हटाउने र शव निकाल्ने तथा भत्कन लागेका घरहरु Dismantle गर्ने कार्यलाई पहिलो प्राथमिकताका साथ गर्ने ।

५. क्षतिग्रस्त सडक र पुलहरु मर्मत गरी भूकम्पबाट अति प्रभावित जिल्लाका भित्री भागसम्म सवारी सूचारु गराउने ब्यवस्था भौतिक पूर्वाधार तथा यातायात ब्यवस्था मन्त्रालयले तत्काल गर्ने ।

६. संस्कृति पर्यटन तथा नागरिक उडययन मन्त्रालयले स्थानीय निकायको सहयोगमा भत्किएका तथा भत्कन लागेका पुरातात्विक महत्वका क्षेत्रहरुको नक्साङ्कन गरी एवम् अभिलेख राखी भग्नावशेषहरु हटाउने । गृह मन्त्रालयको सहयोगमा पुरातात्विक सामग्रीहरुको संरक्षण गरी पुन:निर्माण कार्यकालागि योजना तयार गर्ने ।

७. माननीय वाणिज्य मन्त्रीको संयोजकत्वमा गठित कार्यटोलीले खरिद गरिएका र विभिन्न दाताहरुबाट प्राप्त भएका राहत सामग्रीहरुको एकीकृत ब्यवस्थापन र एकीकृत एवम् प्रभावकारी वितरणको प्रणाली विकास गरी आजैदेखि लागू गर्ने ।

८. माननीय स्वास्थ्य मन्त्रीको संयोजकत्वमा गठित कार्यटोलीले विभिन्न दाताहरुबाट प्राप्त भएका तथा खरिद गरिएका औषधी तथा अन्य स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन र समुचित वितरणको प्रभावकारी व्यवस्था गर्ने । स्वास्थ्य मन्त्रालयले यस क्रममा भएको तथा हुने निःशुल्क उपचार सम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्‌मा ल्याउने ।

९. भारत, पाकिस्तान र थाइलैण्डस्थित नेपाली राजदुतहरुलाई क्रमशः १ लाख, ५० हजार र ५० हजार गरी जम्मा २ लाख थान तारपोलिन तत्काल खरिद गरी छिटो माध्यमबाट नेपाल पठाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।

१०. उद्धार कार्यमा हेलिकोप्टरको परिचालन समन्वय गर्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र सिंचाई मन्त्रीको संयुक्त टोलीलाई जिम्मा दिने ।

११. प्रभावित जिल्लाका हरेक निर्वाचन क्षेत्रमा एक जना सहसचिवको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी समेत रहेको टोली गठन गरी तत्काल सम्बन्धित ठाउँमा भग्नावशेस हटाउने, शव व्यवस्थापन कार्य, राहत वितरण र महामारी रोकथामको समन्वय गर्ने । खानेपानी, विद्युत र अस्थायी शौचालयसमेतको व्यवस्था हुने गरी शिविरहरु राख्ने स्थानसमेत पहिचान गर्ने । जिल्लाका सदरमुकाममा एक सहसचिव रहने र समग्र जिल्लाको समन्वय एक विशिष्ट श्रेणीको कर्मचारीले काठमाडौंबाट गर्ने । निर्वाचन क्षेत्रमा खटिने टोलीले तत्काल फिल्ड तहको काम जिल्ला हेर्ने तोकिएको सचिवको निरन्तर सम्पर्कमा रही विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रमा तत्काल केन्द्रीय दैवीप्रकोप उद्धार समितिले संलग्न विवरण बमोजिम खटाउने ।

१२. प्रत्येक जिल्ला र निर्वाचन क्षेत्रमा जाने सहसचिवलाई १ थान CDMA फोन तत्काल उपलब्ध गराउने र प्रत्येक निर्वाचन क्षेत्रमा जाने सहसचिवसँग १ ट्रक राहत सामग्री सँगसँगै लिएर जाने व्यवस्था केन्द्रीय दैवीप्रकोप उद्धार समितिले मिलाउने । उपर्युक्त टोलीलाई जिल्ला पशुसेवा कार्यालयले प्राविधिक टोली पठाई मरेका पशुहरुको व्यवस्थापन गर्ने ।

१३. भूकम्प पिडितहरुको उद्धार तथा राहत प्रयोजनार्थ दाताहरुबाट प्राप्त हुने माल बस्तुहरु सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७२।१।१२ को निर्णयको बूंदा नं. १० को व्यवस्थाको कार्यान्वयनका लागि थप स्पष्ट गर्नु पर्ने भएकोले निम्नानुसार गर्ने :

क) त्रिभुवन विमानस्थल मार्फत अन्तर्राष्ट्रिय दातृ संस्था एंव गैर सरकारी संस्थाहरुको तर्फबाट प्राप्त भएको उद्दार सामाग्री तथा उद्दार टोलीको उपकरण यन्त्र तथा खाद्य सामाग्रीहरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयले सम्वन्धित संस्थाको नेपाल स्थित निकायको नाममा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने ।

ख) त्रिभुवन विमानस्थल बाहेक अन्य भन्सार कार्यालयहरुको हकमा सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, सुरक्षा निकायका प्रमुखहरु र सम्वन्धित भन्सार कार्यालयको प्रमुख रहेको राहत सामग्री सिफारिस समिति गठन गरी सो समितिले औचित्य र आवश्यकताका आधारमा सिफारिस गरे वमोजिम पैठारी हुने उद्दार तथा राहत सामाग्रीमा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने । यसरी पैठारी भएका सामाग्रीहरुको विवरण प्रमुख जिल्ला अधिकारीले तत्काल केन्द्रीय दैवी प्रकोप उद्दार समितिमा पठाउने ।

ग) व्यक्तिगतरुपमा राहत तथा उद्दारका लागि प्राप्त भएका औषधी, खानेपानी, खाद्यान्न तथा उद्दारका उपकरणहरु नेपाल सरकारले खोलेका केन्द्रीय वा जिल्लास्थित वेयर हाउस (Warehouse) मा जम्मा भएमा वा नेपालस्थित अन्तर्राष्ट्रिय एजेन्सी र स्वीकृत प्राप्त गैर नाफामुलक स्वदेशी तथा विदेशी संस्थाहरुले वुझिलिइ केन्द्रीय दैवी प्रकोप उद्दार समिति र जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वय गरी वितरण गर्ने भएमा तोकिएको मापदण्ड पूरा गरी त्यस्ता मालवस्तुहरु उल्लिखित समितिको सिफारिशमा कर, महशूल तथा शुल्कको लगत राखी जाँचपास गर्ने । तर यस्ता संस्था तथा व्यक्तिहरुले भन्सारमा मालवस्तुको घोषणा गर्दा संस्था दर्ताको प्रमाणपत्र, सम्पर्क नम्वर, संस्थाको आधिकारिक ब्यक्तिको नाम ठेगाना, राहत वितरण गर्ने स्थान र आफूले घोषणा गरेको ब्यहोराको सत्यता प्रमाणित गरेको हुनु पर्नेछ ।

घ) यसरी लगतमा पैठारी भएका मालवस्तुहरु नेपाल सरकारले तोकेको मापदण्ड भित्र वितरण गरे पश्चात सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराइ ३० दिन भित्र भन्सार कार्यालयमा पेश गरेपछि भन्सार कार्यालयले लगत कट्टा गर्नेछ । तोकिएको अवधि भित्र प्रमाणित गरी सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा भन्सार प्रमुखले नियमानुसार लाग्ने महशुल तथा कर शुल्क एवं जरिवाना असुल उपर गरी कानुन बमोजिम थप कारवाही समेत गर्नेछ ।